**गोर्खा डेभलपमेन्ट बैंक (नेपाल) लि., पुतलीसडक, काठमाडौंलाई समस्याग्रस्त घोषणा गरिएको बारे**

# नेपाल राष्ट्र बैंकको सूचना

गोर्खा डेभलपमेन्ट बैंक (नेपाल) लि. को विशेष निरीक्षण प्रतिवेदन तथा २०६७ फागुन मसान्तको अपरिष्कृत वित्तीय विवरणका आधारमा उक्त बैंकको पूँजीकोष २.१ प्रतिशत मात्र रहेको, निष्कृय कर्जा १७.५ प्रतिशत रहेको, भुक्तानी अवधि सकिएका केही संस्थागत मुद्धती निक्षेपको भुक्तानी गर्न नसकेको, संस्था ठूलो नोक्सानीमा जाने देखिएको, अनिवार्य नगद मौज्दात तथा वैधानिक तरतला अनुपात कायम गर्न नसकेको, बैंकको पूँजीकोषको शत प्रतिशतभन्दा बढी हुने गरी बिना स्रोत शंकास्पद तबरले जग्गा खरिद गर्ने निर्णय गरेको, निर्दिष्ट मापदण्ड अनुरूप सुशासन कायम नगरेको लगायतका अनियमित एवं गैरजिम्मेवारपूर्ण ढंगले निक्षेपकर्ता तथा शेयरधनीहरूको हित विपरीत हुने कार्य गरेको र समग्रमा बैंकको वित्तीय स्थिति कमजोर हुँदै गएको हुँदा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ ख बमोजिम मिति २०६७।१२।११ देखि समस्याग्रस्त वित्तीय संस्था घोषणा गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ ग अनुसार ६ महिनाभित्र पालना गर्ने गरी देहाय बमोजिमका निर्देशनहरू दिइएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :

**निर्देशनहरू :**

(क) यस बैंकको निर्देशन बमोजिम पूँजीकोष कायम गर्न,

(ख) निक्षेप संकलन एवम् नवीकरण नगर्न,

(ग) थप कर्जा तथा जमानत प्रदान नगर्न,

(घ) भाका म्याद पुगेका एवं फिर्ता भुक्तानी गर्नुपर्ने निक्षेप फिर्ता गर्न,

(ङ) निष्कृय कर्जाको अनुपात बढीमा ५ प्रतिशतमा ल्याउन,

(च) प्रति दिन प्रति खाता रु. पाँच लाख भन्दा बढी निक्षेप दायित्वको भुक्तानी गर्दा यस बैंकको वित्तीय संस्था सुपरिवेक्षण विभागबाट पूर्व स्वीकृति लिन,

(छ) नयाँ शाखा नखोल्न,

(ज) स्थिर सम्पत्ति खरिद तथा बिक्री नगर्न,

(झ) सञ्चालकको भत्ता तथा सुविधा एवम् कर्मचारीको तलब भत्ता तथा अन्य आर्थिक सुविधा बृद्धि नगर्न,

(ञ) यस बैंकको स्वीकृति विना नयाँ कर्मचारी भर्ना तथा बढुवा नगर्न,

(ट) लाभांश वितरण नगर्न,

(ठ) संस्थागत सुशाासन, आन्तरिक नियन्त्रण प्रणाली र जोखिम व्यवस्थापनको समुचित व्यवस्था मिलाउन,

(ड) अनियमित तरिकाले कर्जा प्रवाहमा संलग्न पदाधिकारी तथा कर्मचारीहरूलाई कारवाही गर्न,

(ढ) २०६७ चैत्र मसान्तभित्र विशेष साधारणसभा सम्पन्न गरी नयां सञ्चालक समिति गठन गर्न । साथै, नयाँ सञ्चालक समितिको निर्वाचनमा यस बैंकको कारवाही प्रकृयामा रहेका सञ्चालकहरूले भाग लिन नपाउने ब्यवस्था गर्न ।